# बागचौर नगरपालिकाको
# प्रथम ऐतिहासिक नगर सभा-२०७४।०३।३१

## बार्षिक नीति कार्यक्रम तथा बजेट प्रस्तुतको सार संक्षेप

यस गरिमामय प्रथम नगर सभाका आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथि ज्यू विभिन्न राजनीतिक दलका प्रमुखज्यूहरु,, लगायत विभिन्न कार्यालयका सहृदयी कार्यालय प्रमखज्यूहरु, क्याम्पस प्रमुखज्यू, प्रधानाध्यापकज्यूहरु विभिन्न परियोजनाका प्रमुखज्यूहरु, गैरसरकारी संघ संस्थाका प्रमुखज्यूहरु, पेशा तथा व्यवसायसंग सम्बन्धित संघ संस्थाका प्रमुखज्यूहरु,पत्रकार मित्रहरु, नगरसभाका सहकर्मी साथीहरु, उपस्थित महिला तथा सज्जनबृन्द ।

सर्वप्रथमहामीलाई यो महान उपलब्धीसम्म ल्याई पुऱ्याउने महान ज्ञात तथा अज्ञात शहिदहरु प्रतिहार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु साथै वेपत्ता, घाइते, अपांग योद्धाहरु र आम जनताहरुप्रति हार्दिक सम्मानका साथ अभिवादन व्यक्त गर्दछु

नेपालको संविधान २०७२ ले दिएको संवैधानिक अधिकारको प्रयोग गदै र नेपालको संविधान २०७२ को प्रस्तावनाको मर्म र भावनालाई आत्मसात गर्दै अनि स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धि आदेश २०७४ को कार्यादेशलाई ध्यान दिदै तथा सार्वभौमसत्ता सम्पन्न जनता र ती जनताका निर्वाचित जनप्रतिनिधिहरुको हैसियतले यस बागचौर नगरपालिकाको आ.व.२०७४।७५ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा आफुलाई निकै नै सौभाग्यशाली ठानेको छु ।

हामी यस वागचौर नगरपालिकाको आ.व.२०७४।७५ को नीति,कार्यक्रम र बजेट प्रस्तुतको सन्दर्भमा यस नगरमा भएका हरेक संभावनाहरुलाई पहिल्याई स्थानीय साधन श्रोत र नेपाल सरकार तथा दातृ निकायबाट प्राप्त हुने बजेटलाइ आधार मानी नगर र नगरबासीको समग्र विकासका लागि प्रतिवद्ध भई क्रियाशील रहने प्रतिवद्धता व्यक्त गर्न चाहन्छौं । नगरको विकास निर्माण सामाजिक रुपान्तरण, आर्थिक विकास र मानवीय विकासका लागि थालिएको प्रयासलाई सार्थक तुल्याउन विकास साझेदारहरुको निरन्तर सहयोग, समन्वय,सहकार्य र कार्यान्वीत भूमिका अझ बढि सक्रिय र सशक्त हुने विश्वास लिइएको छ ।

नेपाली जनताले बर्षौदेखी चाहेको इच्छा आ^oनो संविधान आफै निर्माण गरी शासन सत्तामा नागरिक प्रतिनिधित्व गराउन  दश बर्षे जनयुद्ध तथा १९ दिने जनाआन्दोलन,१२ बुदे सम्झौताको परिणाम स्वरुप संविधान सभाको निर्वाचनको माध्यमबाट नेपालको संविधान २०७२ निर्माण भइ स्थानीय तहको निर्वाचन मार्फत सिंहदरवारको अधिकार गाउँ/नगरमा स्थापित गर्ने सन्दर्भमा देशको शासन व्यवस्था कार्यउन्मुख भैसकेको छ । यति महत्वपूर्ण परिवेशमा हामी नगरको विकास निर्माणको प्रमुख स्थानीय तह वागचौर नगरपालिकाको सर्वोच्च सभामा यहा" भेला भएका छौ । स्थानीय तहको प्रमुख अंग भएकोले नगरपालिकाको सुशासनको प्रत्याभुति दिने,  विकासमा नेतृत्व दिने, निर्देशित गर्ने,

संयोजन गर्ने र अभिप्रेरित गर्ने कार्यलाई निरन्तरता दिदै यसका लागि हाम्रो प्रत्यक्ष/परोक्ष व्यवहारबाट विकास र न्यायमा कसैलाइ काखा र कसैलाइ पाखा नगरीने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । विशेषगरी यस नगरपालिकाको हाम्रो नेतृत्वलाइ विश्वास गरी सुशासन र भ्रष्टाचार मुक्त नगर स्थापनाको लागी आफ्नो अमुल्य मत दिई निर्वाचित गर्नुहुने आम नगरबासीहरुमा यहाँहरुको चाहना धुमिल हुन नदिने वाचा गर्दै यस चुनौतिपूर्ण लक्ष्य प्राप्तिका लागि सवै राजनैतिक दलहरु, प्रतिष्प्रर्धि उम्मेद्धारहरु, सरकारी तथा गैर सरकारी निकायहरु, शिक्षक, बुद्धिजिविहरु, नागरिक समाज, पत्रकार सवैमा सहयोगको अपेक्षा रहेको निवेदन गर्न चाहान्छु ।

राज्यको शासकीय स्वरुप परिवर्तण संगसंगै जनताका हक अधिकारहरु स्थानीय स्तरवाटै सम्वोधन गर्ने कुरामा हामी दृढ संकल्पित छौं । यस वागचौर नगरपालिकामा विकासप्रति जनताको अति उत्साहपूर्ण सहभागिता रहदै आएको छ । जनताको विकासको उत्साहमा हातेमालो गर्दै विकासलाई अघि बढाउनु स्थानीय तहको प्रमुख दयित्व हो । अबको विकास बहुपक्षीय सहभागिता सहितको जनता केन्द्रित भई जनताले विकासको स्वामित्व ग्रहण गर्ने र त्यसको प्रत्यक्ष लाभ लिने ढांचाको हुनु पर्दछ र अहिलेको विश्वव्यापी विकासको मान्यता पनि यही नै हो । त्यसैले नगरको समग्र बिकास र राज्यले लिएको दिगो बिकासको लक्ष्यलाई टेवा पुरयाउनका लागी यस नगरले बिकास निर्माणमा अवलम्वन गर्ने प्राथमिकताका आधारहरु देहाय बमोजिम प्रस्तुत गर्न चाहन्छु ।

- आर्थिक बिकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुरयाउने
- उत्पादनमूलक र छिटो प्रतिफल दिने
- राजश्व परिचालनमा योगदान पुरयाउने
- सेवा प्रवाह, संस्थागत बिकासमा योगदान पुरयाउने
- स्थानिय श्रोत साधनमा आधारित भइ जनसहभागीता अभिवृद्धि गर्ने
- दिगो बिकास, वातावरण संरक्षण र विपत व्यवस्थापनमा योगदान पुरयाउने
- समुदायलाई विपद तथा जलवायू परिवर्तन उत्थानशिल बनाउने
- स्थान बिशेसको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने

यस वागचौर नगरपालिकाको स्वर्णिम भविश्यको कामणाका साथ ***"समृद्ध नगर हरित शहर, घरघरमा सिंहदरवार बागचौर नगरवासिको रहर"***भन्ने दिर्घकालिन विकास सोंच दूरदृष्टि (Vision) का साथ हामीले काम काम गर्ने लक्ष्य लिएका छौं । स्थानीय उत्पादन नै सम्पन्नताको आधार हो, स्थानीय रुपमा उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन सडकको स्तरोन्नती गरी उत्पादन स्थल र बजारलाई जोड्नु हाम्रो अवको प्रमुख दायित्व रहेको छ । यही दायित्व वोधलाइ आत्मसाथ गर्न नगरस्थित विकास साझेदारहरु, राजनैतिक नेतृत्व, दातृ निकायको समन्वय र सहयोगमा यो नगरपालिकाको नेतृत्व क्रियाशील रहनेछ ।

यस नगरपालिकाको गत आ.व.०७३।०७४ मा सम्पादन गरिएका कृयाकलापहरु सफल तुल्याउन भूमिका निर्वाह गर्ने राजनीतिक दल, नागरिक समाज, स्थानीय प्रशासन,पत्रकार,यातायात व्यवसायी,सरकारी तथा गैरसकारी निकायमा सम्बद सवैलाई धन्यबाद दिदै अब म आउने आर्थिक वर्ष २०७४।२०७५ मा बागचौर नगरपालिकामा संचालन हुने विकास नीति, कार्यक्रम र बजेटतर्फ प्रकाश पार्न चाहन्छु ,

विकासलाई सन्तुलित बनाउने, अवसरहरुलाई आवश्यकताका आधारमा न्यायोचित वितरण गर्ने र विकासमा अधिकारलाई सुनिश्चित गर्ने पक्षमा नगरपालिकाले ध्यान दिएको छ । नगरपालिका स्थापनाको सुरुवाति चरणमा भएकोले आन्तरिक साधन श्रोत पर्याप्त छैन र केन्द्र सरकार प्रतिको निर्भरता बढ्दो छ भने नगरवासीको आकांक्षा र आवश्यकता धेरै छन् । तैपनि हामी आर्थिक-सामाजिक रुपान्तरण प्रकृयामा पछि पारिएका महिला, दलित, आदिवासी, जनजाती, अति विपन्न र पिछडिएको वर्ग तथा क्षेत्रलाई समेट्ने प्रयासमा केन्द्रित छौ । नगरपालिका क्षेत्रमा वडा कार्यालय स्थापना गरी जनताको सेवा सुविधा जनताकै घरदैलोबाट प्रदान गर्ने कार्य चुनौतिपूर्ण छ तर पनि यस कार्यलाइ प्राथमिकतामा राखिएको छ ।

भौतिक पूर्वाधार तर्फ सडक, सिंचाई, खानेपानी तथा सरसफाई, विद्युत विस्तार, कृषि पकेट क्षेत्र विकास तथा अन्य पूर्वाधार निर्माण जस्ता कार्यक्रमहरुमा बजेट विनियोजन गरिएको छ । सामाजिक विकासतर्फका शिक्षा,स्वास्थ्य,खेलकुद, महिला तथा बाल विकास, आकस्मिक प्राकृतिक विपत्ति परिआउंदा राहत प्रदान गर्ने नीतिहरु समावेश गरिएको छ । सन्चार माध्यमसंग सहकार्य, लक्षित वर्गको क्षमता अभिवृद्धि, साहित्य कला प्रवर्द्धन, खेलकूद विकास, जस्ता पक्षलाई पनि कार्यक्रम तथा बजेटमा समावेश गरिने नीति लिइएको छ । योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्दा एउटा वडाबाट अर्को वडालाइ जोड्न शहिद रिङ्ग रोडको परिकल्पना गरिएको छ । गाउंभित्रका विकास निर्माणको जिम्मेवारी वडालाई र वडाभन्दा बढीलाई समेट्ने विकास निर्माणको जिम्मेवारी नगरपालिकाले बहन गर्ने नीतिलाई अबलम्बन गरिएको छ । कार्यक्रम तथा वजेट विनियोजन गर्दा क्रमागत र वस्ति तथा वडाबाट प्राथमीकीकरण भएका योजनाहरुलाई प्रांथमिकता दिइनेछ ।

## नीतिहरु

वागचौर नगरपालिकाले नगरको समग्र विकास निर्माणका लागि ***“समृद्ध नगर हरित शहर, घरघरमा सिंहदरवार बागचौर नगरवासिको रहर”***भन्ने दिर्घकालिन सोचका साथ देहायका नीति तथा कार्यक्रमहरु पारित गर्न प्रस्ताव गरिएको छ ।

**१. कृषि पशुपालन तथा गरिबी न्यूनीकरण तर्फ :**

१.१. नगरको कृषि प्रणालीलाइ आधुनिक र व्यवसायीकरण गर्ने तर्फ बिषेश ध्यान दिइने छ । यसका लागि कृषि, फलफुल, जडीबुटी, तथा पशुपालनका लागी पकेट क्षेत्र पहिचाहन गरि तिनको बिकास र प्रवर्द्धन गर्ने आवश्यक कार्यक्रम ल्याइने छ ।

१.२ वार्ड. नं ८ को कोटमौला, वार्ड .नं ३ को खाली, वडा नं.७ को साना गाँडाकोटमा लगायतको स्थानमा उत्पादित हुने सुन्तला, बाँफुखोला तथा शिवरथ क्षेत्रमा उत्पादित आलु, कोटबारा, थारमारे, पिपलनेटा लगाएतका, क्षेत्रमा उत्पादित अदुवा, टिमुर खेतिको आधुनिकिकरण,भण्डारण तथा पैठारीका साथ यस क्षेत्रलाई वाह्य क्षेत्रमा समेत पहिचान दिने कार्यको थालनी गरिने छ ।

१.३ कृषकबाट उत्पादित फलफुल तथा तरकारी बिक्री वितरणका लागी हाट बजार व्यवस्थापन गर्न पहल थालिने छ ।

१.४ अर्गानिक तथा बेमौसी तरकारी खेती ब्यवसायिक पशुपालनलाई प्रोत्साहित गर्ने कार्यक्रमको ब्यवस्था मिलाईने छ ।

१.५ दुग्धजन्य पदार्थको संकलन, वितरण तथा प्रवर्द्धनका लागी आधुनिक डेरी ब्यवस्थापन गरिने छ

१.६ आलु, सुन्तला लगायतका फलफुलबाट कृषकलाई वेमौसमी लाभका लागी कोल्ड स्टोरको स्थापना गरिने छ

१.७ नगरपालिका स्तरीय एक पशु बिमा समिती स्थापना गरिने छ । उक्त समितिले नगरपालिका अन्तर्गत पशुपालक कृषकहरुका पशु बिमा गरिने छ । यसरी विमामा जम्मा गरेको रकम पशुपालक कृषकलाई पशुधन नोक्सानी भएपछि क्षतिपुर्ति दिइने छ । :

१.८ वडा नं.११ र १२ को बाँफुखोलमा आलु अनुसन्धान केन्द्र स्थापना,कोटमौला,डाँगी गाउँ लगाएतका स्थथनमा सुन्तला अनुसन्धान केन्द्र स्थापनाको लागी पहल लिइनेछ ।

१.९ पशुपालनबाट अत्यधिकलाभ लिनको लागी लस्लसुधार कार्यक्रम लागु गरिनेछ ।

१.१० निर्धारित तरकारी उत्पादन पकेट क्षेत्र भित्रमा किसानलाई उत्साहित गर्न कृषिमेला प्रदुसिनी गर्नुका साथै निशुल्क बेमौसिमी तरकारीको विउ विजन वितरण गरिनेछ ।

१.११ सुन्तला तथा लालिगुँरासको जुस,अदुवाको क्यान्डी उत्पादित,सुटो टिमुर प्रसोधन लगाएत कुषकलाई प्रत्यक्षलाभ हुने कृयाकलापलाई नमुनाको रुपमा संचाालन गरिनेछ ।

**२. शिक्षा तथा खेलकुद तर्फ :**

२.१. नगर भित्रका उल्लेख्य शैक्षिक उपलब्धी सुधार गर्ने सामुदायिक विद्यालय , शिक्षक तथा विद्यार्थीहरुलाई पुरस्कृत तथा प्रोत्साहित गर्ने निती लिईने छ ।

२.२. शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धात्मक बनाई आधुनिक प्रविधि अनुकूल हुनेगरी सहयोग पुऱ्याउन प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिइने छ साथै शैक्षिक संस्थाहरुमा इमेल–इन्टरनेट सेवाको लागि आवश्यक कार्यक्रम बनाई लागु गरिने छ ।

२.३ शिक्षामा गुणस्तर ल्याउन नगरवासी एवं शिक्षा क्षेत्रमा लागेका समग्र समुदायले अपनत्व वोध गर्ने र सो अनुसार लगानी गर्ने नीति लिइने छ ।

२.४. जहाँ विद्यार्थी त्यहाँ शिक्षकको नीति लिई शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक , कर्मचारी दरवन्दी मिलान गरिने छ ।

२.५ विद्यालयमा लिइने सबै किसिमका परीक्षाहरुलाई स्तरिकृत बनाउने निति लिइनेछ ।

२.६ शिक्षा संगै खेलकूदको नीति लिई विद्यालयमा खेलकूद तथा खेलाडी पहिचान र विकास गर्ने व्यवस्था मिलाइनेछ ।

२.७ द्वन्द पिडित, जेहेनदार तथा विशेष प्रतिभा भएका बालबालिकाहरुलाई विशेष छात्रवृत्ती तथा रोजगारीमा प्राथमिकता दिइनेछ ।

२.८ नगर भित्र छनौट गरिएका बिद्यालयहरुमा उत्कृट शैक्षिक उपलब्धि देखिने गरि पर्याप्त भौतिक सुबिधा सहितका नमूना बिद्यालय संचालन गरिने नीती लिइने छ ।

२.९ गुणस्तर र रोजगार उन्मुख शिक्षा प्रणालीको व्यबस्थापनका लागी नगरका सबै विद्यालयहरुलाई नीति निर्माणका लागी निर्देशन गर्ने साथै जनकल्याण क्याम्पस भवन भएको जग्गा विज्यश्वरी साझा संस्थोको नाममा रहेकोले सो जग्गा क्याम्पसका नाममा कायम गर्ने र जनकल्याणा क्याम्पसलाई मध्यपश्चिम विश्वविद्यालय मा आंगिक बनाउन बिषेस पहल गर्ने निती लिईने छ ।

२.१० नगरभित्र रंगशाला निर्माण योगा तथा सत्संग केन्द्र स्थापना एवंम नगरको खेलकुदलाई प्रभावकारी बनाई प्रदेश तथा राष्ट्रिय स्तरमा पहिचान स्थापना गर्ने तर्फ जोड दिईने छ ।

**३.विद्युतीकरण तर्फ :**

३.१. नगरको आधारभूत विकाशकालागि विद्युतिय उर्जा व्यवस्थापनको महत्वपूर्ण भूमिका महसुस गरी समृद्ध नागरिक उज्यालो घर, आधुनिकता तर्फ बागचौर नगर भन्ने नीति लिई केन्द्रिय तथा सम्भाव्य स्थानहरुमा लघु जलविद्युत समेतको विकास गरी आगामी ५ वर्ष भित्र नगरका सबै टोलहरुमा विद्युतिकरण गरि उज्याले नगर बनाइने छ ।

**४. स्वास्थ्य तर्फ :**

४.१ उपचारका लागि स्वास्थ्य संस्था बनाउने भन्दा रोग लाग्न नदिने गरि स्वास्थ्य तथा सरसफाई सम्बन्धी कार्यक्रमहरु संचालन गरिने छ । जसबाट जनताको अनावश्यक व्ययभार घट्नेछ र आम्दानी बढ्ने छ ।

४.२ प्रत्येक वडाका केन्द्र र बस्तिहरुमा जनताको स्वास्थ्य क्लिनिक तथा प्राथमिक स्वास्थ्य उपचार केन्द्र र गाउघर क्लिनिक बनाइने छ ।

४.३ "जहाँ स्वास्थ्यकर्मी, त्यहाँ स्वास्थ्य सेवा" भन्ने अवधारणको नीती अवलम्वन गरिने छ ।

४.४ स्वास्थ्य संस्थामा चर्पीको निर्माण तथा ब्यवस्था गरिनेछ ।

४.५ नगरपालिका सबै वाडा हरुलाई पूर्ण खोप घोषणका कार्यक्रम गरि नगरपालिकालाइ पूण खोप नगरपालिका घोषण गरिने छ ।

४.६ नगर पालिका स्तरिय जेष्ठ नागरिकको लागी आँखा तथा कानको लागी स्वास्थ्य शिवरको कार्यक्रम गरिने छ ।

४.७ नगर पालिका स्तरिय जनरल स्वास्थ्य शिविरको कार्यक्रम संचालन गरिने छ ।

४.८ महिला स्वास्थ्य स्वम सेविका हरुको लागी मासिक मिटिङ वाफत खाजा भत्ताको ब्यवस्था गरिनेछ ।

४.९ महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई उत्कृष्ट कार्य सम्पादन गरे वाफत पुरस्कार तथा प्रशंसा पत्रको ब्यवस्था गरिने छ ।

४.१० नगरभित्र रहेका १० वर्षे जनयुद्ध,१९ दिने जनआन्दोलन लगाएतका संर्घषमा घाईते अपाङ्ग तथा अन्य अपाङ्ग गर्भवती तथा सुत्केरी र जेष्ठ नागरिकको लागी निःशुल्क एम्बुलेन्सको लागी बिशेष पहल गरि कार्यक्रम संचालन गरिने छ ।

४.११. मातृ–शिशु मृत्युदर घटाउन एवं अशक्त, अपांग तथा जेष्ठ नागरिक उपचार, पोषण, मनोरञ्जन, योग तथा सत्संग का लागि प्रभावकारी कार्यक्रम ल्याइनेछ ।

४.१२. नगर भित्र सञ्चालित स्वास्थ्य संस्थाहरुको स्तरबृद्धि तथा चुस्त सेवा प्रवाहीकरणमा जोड दिइनेछ ।

४.१३ बागचौर नगरपालिकाको क्षेत्राधिकार रहेका स्वास्थ्य संस्था हरुमा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन सम्बन्धी नीति तथा निर्देशिका अनुसार गठन गर्ने नीति लिइने छ ।

४.१४ प्रथामिक स्वास्थ्य केन्द्र थारमारेलाई स्तर वृद्धिगरी ५० सैयाको अस्पतालको लागी सम्बन्धित निकायमा माग गर्न पहल गरिने छ ।

४.१५ स्वास्थ्य चौकी नभएका बाँकी वडा नं.१,३,५,६,९ र ११ मा स्वास्थ्य चौकी स्थापनाकालागी सम्बन्धित निकाएमा पहल गरिने छ ।

४.१६ वडा बाट छनौट भई आएका सम्पूर्ण योजनाहरुलाई नगर सभाबाट पास गरि प्राथामिकताका आधारा सम्बन्भिधत निकाएमा पठाउने निती लिइने छ ।

**५. भवन, आवास तथा शहरी सुविधा :**

५.१. नगरभित्र व्यवस्थित आवास, भवन संहिता तथा नमूना वस्ती/बजार व्यवस्थापनका लागि दीर्घकालिन योजना निर्माण गरी लागू गरिनेछ ।

५.२. सरकारी जग्गाको जथाभावी व्यक्तिगत उपभोग लाई नियन्त्रण गरिनेछ ।

५.३. सुरक्षा तथा सेवा सुविधाका दृष्टिकोणबाट अनुपयुक्त रहेका आवास क्षेत्रको स्थानान्तरणलाई प्रोत्साहित गरिनेछ ।

**६. सञ्चार क्षेत्र :**

६.१. नगरका संचार क्षेत्रलाई व्यवस्थित गर्न संरक्षण, सम्वर्द्धन र विकासको नीति लिईने छ ।

६.२ नगर पालिका भित्र उपयुत्त ठाउहरुमा पुस्तकाय तथा वाचनालय ब्यवस्था गरिने छ र दीर्घकालिन रुपमा इ पुस्तकाय राख्ने नीती लिइने छ ।

**७. गैर सरकारी क्षेत्र, टोल विकास संस्था, आमा समूहको प्रवर्द्धन**

७.१. नगर भित्र का गैर सरकारी संघ, संस्था तथा समूहको परिचालन, संरक्षण तथा अनुगमन एवं कार्यक्रममा एकद्वार प्रणाली लागू गरिनेछ ।

**८. राजश्व तथा श्रोत परिचालन**

८.१. मेरो नगर विकासमा मेरै योगदान, कर तिर्नु असल नागरिकको पहिचान भन्ने मान्यता लाई प्रोत्साहित गरी अधिकतम व्यक्ती र क्षेत्रलाई करको दायरामा ल्याई राजश्व संकलन मा विशेष योजना ल्याइने छ । साथै संकलित श्रोतलाई नगरको विकासमा न्यायोचित वितरण गरिनेछ ।

८.२ नगरक्षेत्र भित्र प्ररम्परागत रुपमा उपभोग गर्दै आएका,राजस्वको दाएरा बाहिर रहेका ऐैलानी प्रति जग्गाहरु छुट्याई सो क्षेत्रभित्र रहेका घरटहरा तथा अन्य जमिनलाई ठोस नीति बनाई राजश्वको दायरा भित्र ल्याईन छ साथै सबै प्रकारका उत्पादन योग्य जमिनहरु लामो समय सम्म बाझो राख्ने प्रवृतिलाई निरुत्साहीत गरीने छ ।

**९. मानव संशाधन, सुशासन, पारदर्शिता सदाचार प्रवर्द्धन :**

९.१.नगरको समग्र विकास गतिविधिमा पारदर्शिता बढाउन सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण, तथा सामाजिक परीक्षण र स्थानीय संचार माध्यमबाट समेत नगरको विकास गतिविधि प्रसारण गर्ने नीति लिईने छ ।

९.२ विकास खर्च बढाई प्रशासनिक खर्चमा मितव्ययीता ल्याउन व्यवस्थापकीय सुधारमा जोड दिईने छ साथै अनुत्पादक खर्च निरुत्साहित गर्दै प्रत्येक कृयाकलापहरुलाई पारदर्शी बनाईने छ ।

९.३ बदलिदो परिस्थिति अनुकुल कर्मचारीहरुलाई चुस्त, दुरुस्त र सक्षम बनाई राख्न आवश्यक तालिमहरुको अवसर प्रदान गरिने छ साथै जिल्ला/क्षेत्रीय भ्रमण तथा अनुभव आदान प्रदानको कार्यक्रम संचालन गरिने नीति लिईने छ ।

९.४ नगर भित्र यूवा तथा शैक्षिक वेरोजगारी न्युनीकरणका लागि आवश्यक कदम लिइने छ ।

९.५ विकास निर्माणमा स्थानीय राजनितीक दलको मिलेमतोको आधारमा गरिने भ्रस्टाचारको अन्तयको लागी प्रभावकारी अनुगमन संयन्त्रको व्यबस्था गरिने छ ।

९.६ नगरभित्रका अधिकांस युवाहरु रोजगारका लागी विदेश पलायन हुने समस्यालाई न्युनिकरण गर्न बेरोजगार युवायुवतीको तथ्याङ्क संकलन गरि नगर भित्र उत्पादित बस्तुको प्रशोधन प्राकृतिक खानीको खोजी गर्नुका साथै नगरभित्रै उद्योग संचालनका लागी आउने उद्योगी व्यवसायीलाई प्रोत्साहीत गर्ने र नगरभित्र सोरोजगार मुलक आवधिक योजना संचालनमा ल्याउन जोड दिईने छ

**१०. विकास योजना तर्जुमा तथा सञ्चालन**

१०.१ गत नगर परिषदबाट छनौट भएका आवश्यक योजना तथा कार्यक्रमहरुलाई समावेश गरिने छ साथै योजना तर्जुमा र कार्यान्वयन प्रक्रियालाई वैज्ञानिक र वस्तुपरक बनाउन नगरको समग्र विकासको खाका कोर्नको लागि नगरकपाश्वसोचित्र निर्माण तथा आवधिक नगर विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनका लागी आवश्यक वजेटको व्यबस्था गरिने छ ।

१०.२ गाउंलाई विकास योजना/कार्यक्रमको केन्द्र बनाउने र ती योजना कार्यक्रम समतामुलक, समावेशी र गरिव केन्द्रित बनाउन ध्यान दिने, यसै गरी पूर्वाधार विकास तथा निर्माणमा पछि परेका विपन्नता बढी भएका विकटका वस्तीहरुमा योजना तथा कार्यक्रम पुऱ्याउन प्राथमिकता दिईने छ ।

१०.३ खानेपानीको श्रोत नभएका उच्च भू–भागका क्षेत्र र समुदायलाई प्राथमीकताका आधारमा श्रोत खाजी लिप्ट खानेपानी,आकाशे पानी संकलन ट्याङ्की निर्माण,मुहान रिचार्ज पोखरी निर्माण खोज तथा नया प्रविधि र कार्यक्रमलाई लागु गर्न विशेष बजेट विनियोजन गरिनुका साथै सम्बन्धित अरु सम्बन्धित ठाँमा अरु ठुलो योजना माग माग गर्न पहल गरिने छ ।नीति लिइने छ ।

१०.४ सडक सञ्जाल नजोडिएको वडा तथा वस्तीहरुलाई उच्च प्राथमीकता दिइने छ । साथै नगरपालिका तथा वडाहरुमा सवैतिर सडक सञ्जाल विस्तार गर्न  शहिद रिङ्ग रोडको अवधारणा अनुरुप कार्यान्वयन  गर्न विशेष बजेट विनियोजन गरिएका साथै समबन्धित ठाउँमा अरु ठुला योजना माग जर्न पहल गरिने छ ।

१०.५ नगरमा निर्माण भएको सडक संजालको बिस्तृत अध्ययन गरी सडक निर्माणमा देखिएको नाम मात्रको जनसहभागिता नभई अपनत्व वोध हुनेगरी वडाभित्रका सडकहरुको निर्माण मर्मत सम्भार र स्तर उन्नती सम्बन्धित वडा बाटै गर्ने नीति अवलम्वन गरिने छ । साथै नगरवाट निर्माण गरिएका सडकहरुको नियमित मर्मत संभारलाई व्यवस्थित गर्न छुट्टै मर्मत संभार कोषमा १०% रकम विनियोजन गरिने छ । साथै सडक निर्माणको विनियोजित रकमको ५ प्रतिशत मर्मत सम्भार र ५ प्रतिशत वातावरण तथा भूसंरक्षणमा छुट्याई सडक निर्माण गर्ने नीति लिइने छ ।

१०.६ सडक निर्माणको सन्दर्भमा अत्यावश्यक बाहेक नयाँ सडक निर्माण भन्दा पुराना सडकहरुको स्तरवृद्धिमा प्राथमिकता दिइनेछ

१०.८ लघु उद्यम तथा साना उद्योगहरुलाई संरक्षण, सम्बर्द्धन र प्रोत्साहीत गर्ने नीति लिईने छ ।

१०.९ अति गरिब तथा पिछडिएका वर्गलाई केन्द्रित गरी निम्न कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

- सिपमूलक तथा आयमूलक कार्यक्रमहरु ।
- विकास साझेदारहरुको समन्वयमा स्वरोजागारका कार्यक्रमहरु ।
- गरिबी न्यूनीकरण सम्बन्धी सरकारी तथा गैरसरकारी क्षेत्रका कार्यक्रमहरु

१०.१० नगरपालिकाको नेतृत्वमा एकद्वार प्रणाली मार्फत समग्र क्षेत्रको विकास कार्यक्रम संचालन गर्न नगरमा कार्यरत विकास साझेदारहरु, दातृ संस्था, अन्तराष्ट्रिय/राष्ट्रिय/स्थानीय गै.स.सं. हरुसंग साझेदारीमा कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

१०.११ विकास कार्यको अनुगमन तथा मूल्यांकनका लागि जनप्रतिनिधिहरु, स्थानीय प्रशासन, स्थानीय बुद्धिजिवी, निजि क्षेत्र, नागरिक समाज तथा आम जनसमुदायको आवश्यक सहयोग लिई प्रभावकारी अनुगमन संयन्त्र बनाइने र सुशासनलाई टेवा पुग्ने नीति अवलम्वन गरिने छ ।

१०.१२ वडा नं.१ को गैरावेत,कोटवेत वडा नं.९को मखलाम लेख वडा नं.८ को रानीपोखरी हुँदै वडा नं.१० को मोखला शिव गुफादेखि गैरावेत सम्मको शहिद रिङरोड बनाईने छ साथै शहिद रिङरोड

भित्र पर्ने शहिद तथा व्यपत्ता व्यत्तिहरुको स्मरणमा शलिक निर्माण,पार्क तथा उदधान र स्तम्भको निर्माण गरिने छ ।

१०.१३ नगरको विकासका सम्भावनाहरुलाई प्रवधन गर्न उद्योग तथा लगानी मैत्रि वातावरण वनाइने छ

**११. महिला, वालवालिका, जेष्ठ नागरिक, दलित, जनजाति, द्वन्द्वपिडित, घाईते, अपाङ्ग तर्फ :**

११.१ महिला शसक्तिकरणका लागि विगतको जस्तो निश्चित प्रतिशत विनियोजन नभइ आवश्यकताका आधारमा कार्यक्रमको तर्जुमा गरिनेछ ।

११.२ लक्षितवर्ग, गरीब, दलित, जनजाति, महिला तथा बालबालिका,फरक क्षमता भएका बृद्धबृद्धा, घाईते अपाङ्ग एवं जोखिममा रहेका वर्गहरुको साथै विस्थापित परिवारको समेत आवश्यकतामा केन्द्रित हुने खालका योजनाहरुको छनौटमा प्राथमिकता दिने नीति लिइने छ ।

११.३ आदिवासी जनजाति तथा लोपोन्मुख समुदायहरुको भाषा, साहित्य, संस्कृति र कला संरक्षणको लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्नुका साथै नगरको लोक संस्कृति जगेर्ना गर्ने नीति लिईने छ ।

११.४ दश वर्षे जनयुद्ध तथा १९ दिने जनआन्दोलन का घाईते अपाङ्ग शहिद तथा व्यपत्ता परिवार एवंम न्युना आय भएका व्यत्तिहरुको क्षमताको विष्टिकरण गरी रोजगारीमा प्रथामिकता दिईने छ ।

११.५ विकास निर्माणमा महिला सहभागिता अभिवृद्धि गर्न र महिलाद्धारा निर्माण गरिने विकासमा आर्थिक पारदर्सिता नमुनाको रुपमा झल्काउनका लागी महिलाहरुको छुट्ई उपभोक्ता समिती बनाई विकास कार्यान्वयण गर्ने निती लिईने छ साथै सामाजिक कुरीती तथा कुसंस्कार जन्यकृयाकलापहरु जस्तै जुवा तास,मदिरा सेवन तथा विक्री वित्तरण,बोक्सी प्रथा,दाईजो प्रथा छुवाछुत प्रथा यौन विकृती जस्ता कृयापलापहरु निरुत्साहीत गर्न महिला समितीहरुलाई विशेस अधिकार प्रदान गरिने छ ।

**१२. पर्यटन**

१२.१ नगरका पर्यटकीय क्षेत्र एवं महत्वपूर्ण प्राकृतिक श्रोत साधनहरुको पहिचान गरी आर्थिक विकासको संभावनालाई बढाउन पर्यटन गुरु योजनाले तय गरेका योजनाहरु प्राथमिकता क्रम अनुसार लागु गरिने छ ।

१२.२ नगरक्षेत्र भित्र रहेका बन तथा वन्य जन्तु संरक्षण र प्रर्यटन क्षेत्रको प्रबधनकालागी वडा नं.१२ को सुकिदह र वडा नं.७, ९ र ११ को मख्लाम क्षेत्रलाई आरक्षण क्षेत्रको रुपमा विकास गर्ने निती लिइने छ ।

१२.२ नगरको पहिचान स्थापित गर्न विशेस स्थानहरु जस्तै डाँगी जातीको उदगम स्थल जनाउने लस्तमको अग्लाटाकुरा मल्लाम लेख दश वर्शे जनयुदको इतिहास सँग जोडिएको बाफुखोलको विजयधुरी लगाएतका स्थानमा भ्युटावरको स्थापनका लागी बिशेस पहल गरिने छ ।

**१३. विपत व्यवस्थापन**

१३.१ प्राकृतिक तथा मानवीय कारणबाट हुनसक्ने क्षतिलाई न्युनिकरण गर्न पूर्व तयारी र योजना बनाई लागु गरिनेछ ।

**१४. बन तथा भू संरक्षण :**

१४.१ "हरियो वन, बागचौरको धन" भन्ने मूल नारालाई मध्य नजर राखी बृक्षा रोपन तथा संरक्षणमा अभियानको निती अवलम्वन गरिने छ ।

१४.२ प्रत्येक ब्यक्तिले बिशेष घटनामा (जन्म, मृत्य,बिवाह,पूजा,आजा, ) म सोको उपलक्ष्यमा अविार्य नछुछाइ एक बिरुवा रोप्ने निती लिईने छ साथै  प्रत्येक व्यक्तिले बर्षम ५ वटा बिरुवा अनिवार्य लगाउनु पर्ने निती लिइने छ ।

१४.३ प्रति बिरुवा संरक्षण गरे वाफत त्यस ब्यक्तिलाई प्रति विरुवा रु.५० का दरले प्रोतसाहन स्वरुप पुरस्कार प्रदान गरीने छ ।

१४.४ वनमा आगलागी गर्ने, चोरी शिकारी गर्ने, खोलामा बीष तथा करेन्ट प्रयोग गरी माछा मार्ने, तोकिएको समय बाहेक अरु समयमा मदिरा बिक्री बितरण तथा सेवन गर्ने, सांस्कृतीक रुपमा अनैतिक कार्य गर्नेहरुका लागी, होटेल, रेष्टुरा, तथा गाँउ समाजहरुमा सूचना तथा जानकारीका लागी नगर पालिकाले बिशेष अनुसन्धान ब्यक्तिको ब्यवस्था मिलाई बिशेष ब्यक्तिलाइ मात्र जानकारी दिने ब्यवस्था मिलाइने छ साथै यी माथीका कार्यहरुमा सम्लग्न ब्यक्तिहरुको गोप्य रिपोर्ट गर्ने कुनै पनि व्यक्तिको नाम समेत गोप्य राखिनेछ ।

१५ कला साहित्य तथा संकेति तर्फ

१५.१ यस नगरभित्र लोपउन्मुख कला सहित्य र सांकृतिकको विकास र विस्तारका लागी १ कला साहित्य संस्कृती प्रतिष्ठान गठन गरी लोप हुन लागेकमा कला संस्कृतिको विकास र विस्तारका लागी एक कला सहित्य संस्कृतिक प्रतिस्ठान गठन गरि लोप हुन लागेका कला

सास्कृतिका संरक्षण र स्मबर्द्धन गरिने छ साथै यस नगरको डाँगी तथा वली जातीको उदगम स्थल भएको गौरवमय इतिहाँसलाई देशभर पहिचान स्थावित गर्न आवश्यक वजेट विनीयोजन गरी यसै अर्थिक वर्ष बाट कार्यक्रमको थालनी गर्ने निती लिईने छ ।

१६ विविध

१६.१ नगर क्षेत्र भित्र मदिराको विक्रीवित्तरण तथा कारोवार गर्न अनिबार्य नगरपालिकाको अनुमति लिनुपर्ने व्यवस्था गरिने छ ।

१६.२ तोकीएको समय सिम भन्दा बाहिर रहि जताभावी जुवा तास तथा मदिरा सेवन गर्ने र बिक्रि वितरण गराउनेलाई आवश्यक दण्ड जरिवान गर्ने निती बनाइने छ जस अनुसार समय साँझ ६ वजे देखि ९ वजे सम्म र १८ वर्ष को हदबन्धि तोक्ने निती लिइने छ ।

१६.३ जहाँ जन्ताको सहभागीता त्याहाँ विकास जहाँ स्वास्थ्यकर्मी, त्यहाँ स्वास्थ्य सेवा, जहाँ शिक्षक त्याहाँ विद्यार्थी,जहाँ खेलमैदान त्याहाँ  खेलाडी जहाँ खेलाडी त्याहाँ खेल प्रशिक्षेक,जहाँ किसान त्यहाँ कृषि योजना र जहाँ पानी त्यहाँ जलविद्युत लगाएतको नीति लाई अवलम्वन गरिने छ ।

**आदरणीय उपस्थित महानुभावहरु**

यस नगरपालिकामा नेपाल सरकार वा संघबाट प्राप्त हुने र नगरपालिकाको आफ्नै आन्तरिक श्रोतबाट प्राप्त हुने अनुमानित आय तथा व्ययलाई मध्यनजर राखी आ.ब.२०७४/०७५ को लागि समग्र नगरपालिकाको वार्षिक अनुमानित आय **३७११५९०००।** को विनियोजन प्रस्ताव पेश गरेको छु जुन अनुसूचिमा राखी यहाँहरुको हात हातमा प्राप्त भईसकेको छ ।

# धन्यवाद

***लोकमान वुढाथोकी***
***नगर प्रमुख***
बागचौर नगरपालिका
बागचौर,सल्यान